आज मिति २०८० साल जेठ १० गतेका दिन यस शुद्धोधन गाउँपालिका गाउँ कार्यपालिकाको बैठक गाउँ कार्यपालिकाको अध्यक्ष श्री कमलेश शरण चौधरीज्यूको अध्यक्षता र निम्न उपस्थितिमा बसी निम्न प्रस्ताव माथि छलफल गरी निर्णय पारित गरियो ।

उपस्थिति

श्री कमलेश शरण चौधरी-गा.पा.अध्यक्ष

श्री होम प्रकाश चौधरी-उपाध्यक्ष

श्री तिलकराम यादव-वडा अध्यक्ष

श्री मनोज कुमार यादव- वडा अध्यक्ष

श्री महिबुद्दिन मुसलमान- वडा अध्यक्ष

श्री नरेश अहिर- वडा अध्यक्ष

श्री आशुतोष कुमार सिंह- वडा अध्यक्ष

श्री विजय बहादुर यादव- वडा अध्यक्ष

श्री प्रभावती कोरी-सदस्य

श्री मनिषा पासी-सदस्य

श्री कुमारी अनिता यादव-सदस्य

श्री जिन्ना खातुन डफाली-सदस्य

श्री सुनिता पासी-सदस्य

श्री प्रिन्स कुमार श्रीवास्तव-सदस्य

श्री कृष्ण प्रसाद ज्ञवाली-सदस्य सचिव

आमन्त्रित

श्री ऋषिदेव अर्याल-लेखा अधिकृत

श्री असफाक अहमद खाँ-स्वास्थ्य संयोजक

श्री कुशमावती देवी चौधरी-ईन्जिनियर

श्री जियाउर्रहमान खाँ-लेखापाल

श्री विप्लव बन्जाडे-आन्तरिक लेखापरीक्षक

श्री उमेश ज्ञवाली-सब-ईन्जिनियर

प्रस्ताव नं. १. हालसम्मको प्रगति समीक्षा र प्रतिबद्धता सम्बन्धमा ।

निर्णय नं. १. हालसम्मको कार्यपालिका बैठक निर्णय कार्यान्वयनको अवस्था योजना कार्यान्वयनको अवस्थाको समीक्षा गर्दै वैशाख मसान्त सम्मको आय-व्यय विवरण प्रस्तुत गरियो र बाँकी कामहरु यथासमयमा सम्पन्न गर्नका लागि सबैले आ-आफ्नो तर्फबाट सक्रिय भुमिका निर्वाह गर्ने ।

प्रस्ताव नं. २. High Mast Pole Light Installation सम्बन्धमा ।

निर्णय नं. २. High Mast Pole Light Installation सम्बन्धमा छलफल गर्दा सो कार्यमा प्रति पोल वार्षिक करीब रु. ५ लाख बिजुली खर्च हुने जानकारी भयो । सोही बमोजिम प्रत्येक वर्ष बिजुली बापतको खर्च विनियोजन गर्ने प्रतिबद्धता गर्ने ।

सम्बन्धित विद्युत र सडक कार्यालयसंग आवश्यक सहजीकरणका लागि समन्वय गर्ने ।

गाउँपालिकाको वडा नं. ३ ४ ५ मा Street Light व्यवस्थापन शीर्षकबाट खर्च लेख्ने गरी गाउँपालिकामा सूचीकृत फर्महरुबाट आर्थिक प्रस्ताव माग गरी खरीद प्रक्रिया अघि बढाउने ।

गाउँपालिकाको पूर्वाधार शाखाको समन्वयमा गाउँपालिकामा सूचीकृत ईलेक्ट्रिकल ईन्जिनियर श्री जय प्रकाश रजक नेपाल ईन्जिनियरिङ्ग परिषद दर्ता नं. २२९० "ईलेक्ट्रिकल" "क" वर्ग रुपन्देही जिल्ला मायादेवी गाउँपालिका वडा न. ७ निवासी सम्पर्क नं. ९८४३७७५८८४ लाई लागत अनुमान तयारी मूल्यांकन अनुगमन प्रतिवेदन सम्मका सम्पूर्ण प्रक्रियाहरुमा सहजीकरणका लागि जिम्मेवारी दिने ।

प्रस्ताव नं. ३. गाउँपालिका अन्तर्गतका स्वास्थ्य संस्था र वडा कार्यालयहरुमा सोलार सिस्टम जडान तथा मर्मत सम्बन्धमा ।

निर्णय नं. ३. गाउँपालिका अन्तर्गतका स्वास्थ्य संस्था र वडा कार्यालयहरुमा सोलार सिस्टम जडान तथा मर्मत कार्य आवश्यक भएकोले संघीय सशर्त अनुदान नवीकरणीय उर्जा प्रविधि जडान (बायोग्याँस/विद्युतीय चुलो/सुधारिएको चुलो/सौर्य उर्जा) शीर्षकबाट खर्च लेख्ने गरी गाउँपालिकामा सूचीकृत फर्महरुबाट आर्थिक प्रस्ताव माग गरी खरीद प्रक्रिया अघि बढाउने ।

गाउँपालिकाको पूर्वाधार शाखाको समन्वयमा गाउँपालिकामा सूचीकृत ईलेक्ट्रिकल ईन्जिनियर श्री जय प्रकाश रजक नेपाल ईन्जिनियरिङ्ग परिषद् दर्ता नं. २२९० "ईलेक्ट्रिकल" "क" वर्ग रुपन्देही जिल्ला मायादेवी गाउँपालिका वडा नं. ७ निवासी सम्पर्क नं. ९८४३७७५८८४ लाई लागत अनुमान तयारी मूल्यांकन अनुगमन प्रतिवेदन सम्मका सम्पूर्ण प्रक्रियाहरुमा सहजीकरणका लागि जिम्मेवारी दिने ।

प्रस्ताव नं. ४. सवारी साधन जिम्मेवारी सम्बन्धमा ।

निर्णय नं. ४. गाउँपालिकामा उपलब्ध सवारी साधन स्कर्पियो लु १ झ ४८२ हालसम्म गुडेको किलोमिटर १८२९०२ र फोटोन पिकअप लु १ झ ६३४ हालसम्म गुडेको किलोमिटर ८६८०० मध्ये स्कर्पियो अध्यक्षज्यू र फोटोन पिकअप उपाध्यक्षज्यूलाई आवश्यकता र उपलब्धताका आधारमा कार्यालयको काम फिल्ड अनुगमन कार्यक्रम तालिम तथा अन्य आवश्यक कार्यमा उपलब्ध गराउने गरी प्रयोग गर्ने जिम्मेवारी

CamScanner

तोकिएको छ । लगबुक भरी सम्बन्धित पदाधिकारीबाट प्रमाणित गराउने आवश्यकता अनुसार मर्मत गर्ने बिलबुक र बीमा निर्धारित समयमा नवीकरण गर्ने सम्पूर्ण जिम्मेवारी सम्बन्धित सवारी चालकको हुनेछ ।

प्रस्ताव नं. ५. रकमान्तर सम्बन्धमा ।

निर्णय नं. ५.

| क्रम | शीर्षक नं. | योजना | रकम | परिवर्तित योजना | रकम |
|---|---|---|---|---|---|
| १ | ३०० | विभिन्न टोलमा भौतिक पूर्वाधार तर्फ बोर जडान तथा अन्य योजनाहरु वडाको निर्णय अनुसार संचालन गर्ने | १७५५००० | सोहसा गाउँमा २ ईन्चीको बोर जडान | १००००० |
| २ | २९७ | पूर्व बकुली गाउँको दक्षिण नदी रोकथाम | १००००० | वडा कार्यालयमा मर्मत | १००००० |
| ३ | १०१ | वडा १ पूर्व डिह बकुली मेन बाटो देखि बमबुलको घर सम्म ग्राभेल तथा मर्मत | ५०००० | स्वास्थ्य ईकाइ पतरिया छपिया, भलुहिया मर्मत | ५०००० |
| ४ | ४८८ | नुरुल उलुम मदरसा प्राविमा बाउण्ड्रिवाल निर्माण | १५०००० | नुरुल उलुम मदरसा प्राविमा झ्याल, टेवल, र्‍याक, दराज र कुर्सी खरिद | १५०००० |

प्रस्ताव नं. ६. पुरानो गाउँपालिका भवन मर्मत खर्च निकासा सम्बन्धमा ।

निर्णय नं. ६.

विगतमा गाउँपालिका स्थापना हुँदा गाउँपालिकाको प्रशासनिक भवन सन्चालनार्थ शुद्धोधन गाउँपालिका ३ लवनी चोकमा रहेको घरधनी श्री परमिला देवी पाण्डेयको घरमा घरभाडा समझौता भई संचालनमा रहेकोमा २०७९ श्रावणमा सो भवन साँघुरो भई नयाँ भवनमा सरेको हुँदा तहाँ वस्दा घरको संरचनामा नोक्सानी भएकोमा सोको रंगरोगन लगायत अन्य क्षतिको मर्मत गाउँपालिकाबाट गराईदिन भनी प्राविधिक लागत अनुमान रु.७००००/- सहितको निवेदन प्राप्त हुन आएकोले प्राविधिक मूल्यांकन बमोजिम कार्य सम्पन्न गराई विविध शीर्षकबाट भुक्तानी दिने निर्णय गरियो ।

प्रस्ताव नं. ७. गर्भवती महिलालहरुलाई अध्यक्ष उपहार पोषण कोशेली कार्यक्रम सम्बन्धमा।

निर्णय नं. ७.

आ.व. ०७९/८० को बार्षिक स्वीकृत कार्यक्रम गर्भवती महिलालहरुलाई अध्यक्ष उपहार पोषण कोशेली कार्यक्रम अन्तर्गत सुनौलो हजार दिनका आमाहरुलाई घ्यू, मह, अण्डा, चना, भटमास, ह्यायण्डवास लगायतका सामग्रीहरु वितरण गर्नको लागि खरिद प्रकृया अघि बढाउने निर्णय गरियो।

कृष्ण प्रसाद ज्ञवाली
प्रमुख प्रशासकीय अधिकृत

प्रस्ताव नं. ८. जिल्ला प्रशासन कार्यालयबाट ईन्भर्टर माग भएको सम्बन्धमा।

निर्णय नं. ८.

जिल्ला प्रशासन कार्यालय, कपिलवस्तुको च.नं. ४३९४ मिति २०८०/०३/०९ गतेको पत्र बाट जिल्लामा राहदानी सम्बन्धी कामको सेवा ग्राहीहरुले तिर्नुपर्ने महशुलको सहजताका लागि राष्ट्रिय वाणिज्य बैंकको विस्तारित काउण्टर संचालन गर्न ईन्भर्टर आवश्यक भएको भनि यस कार्यालयमा माग गरेकोमा कार्यालयको उपयुक्त शिर्षकबाट ईन्भर्टर खरिद गरी जिल्ला प्रशासन कार्यालय, कपिलवस्तुलाई हस्तान्तरण गर्ने निर्णय गरियो।

प्रस्ताव नं. ९. दलित मानव अधिकार निगरानी समिति, कपिलवस्तुको प्रस्ताव सम्बन्धमा।

निर्णय नं. ९.

दलित मानव अधिकार निगरानी समिति कपिलवस्तुले मिति २०८०/०१/२१ गते जातीय भेदभाव तथा छुवाछुत उन्मुलन राष्ट्रिय दिवसको अवसरमा दलित समुदायको सशक्तिकरण र दलित मुखी बजेट निर्माणमा टेवा पुग्ने उद्देश्यले जिल्लामा रहेका दलित अभियानका क्षेत्रमा कार्यरत संघ संस्थाहरुको सहकार्यमा दलित सशक्तिकरण कार्यक्रम आयोजना गर्नका लागि यस कार्यालयमा कार्यक्रमको प्रस्तावना पेश गरी रकम माग गरेको हुँदा कार्यालयको विविध कार्यक्रम खर्च शिर्षकबाट रकम रु २७००० मात्र उक्त कार्यक्रमको लागि सहयोग गर्ने निर्णय गरियो।

प्रस्ताव नं. १०. ईलेक्ट्रिक स्प्रे वितरण सम्बन्धमा।

निर्णय नं. १०.

यस कार्यालयको बार्षिक स्वीकृत कार्यक्रम अन्तर्गत ईलेक्ट्रिक स्प्रे वितरण कार्यक्रमका लागि मिति २७९/०९/१८ मा प्रथम पटक र मिति २०७९/०९/२६ मा दोश्रो पटक प्रकासित सूचनाबाट यस कार्यालयमा प्राप्त निवेदन अनुसार उल्लेखित कार्यक्रम शिर्षकमा रहेको रकम रु ४००००० र मिति २०८०/०१/२८ गतेको कार्यपालिका बैठकको निर्णयबाट सहकारी दर्ता व्यवस्थापन शिर्षकबाट रु ४००००० रकमान्तर गरी ईलेक्ट्रिक स्प्रे खरिद गर्ने निर्णय अनुसार उक्त कार्यको लागि खरिद प्रकृया अघि बढाउने निर्णय गरियो।

प्रस्ताव नं. ११. प्रस्ताव सहयोग सम्बन्धमा।

निर्णय नं. ११.

शिक्षा सुधार सँग सँगै अभियान अन्तर्गत शिक्षा पत्रकार समूहको मिति २०७९/११/२८ गते लुम्बिनीमा सम्पन्न भएको कार्यक्रमको यस पालिकासँग सहकार्य भए अनुसारको रकम रु २५००० शिक्षा पत्रकार समूहको नाममा कार्यालयको विविध कार्यक्रम खर्च शिर्षकबाट भुक्तानी दिने निर्णय गरियो।

प्रमुख प्रशासकीय अधिकृत

CS CamScanner

प्रस्ताव नं. १३. सिफारिस गर्ने सम्बन्धमा।

निर्णय नं. १३.

इस्लामिक संघ नेपाल, कपलवस्तुको मिति २०८०/०२/०७ को पत्रबाट सामुदायिक विकास र सहयोग कार्यक्रम अन्तर्गत दातृ संस्था तथा निकायहरुको आर्थिक सहयोगमा समुदायमा आर्थिक, सामाजिक, शैक्षिक अवस्थामा पछाडी परेका व्यक्तिहरुका लागि विभिन्न सीपमूलक तालिम, घर निर्माण, खाद्यान्न वितरण, विद्यार्थी सहयोग कार्यक्रम संचालन गर्न समाज कल्याण परिषद्मा सिफारिस गर्ने निर्णय गरियो।

प्रस्ताव नं. १३. ठेक्का नं.04/SRM/NCB/CW/078-79 अन्तर्गत Construction of Kanya College Building at Ward 4 सम्बन्धमा।

निर्णय नं. १३.

यस शुद्धोधन गाउँपालिकाको कार्यालय अन्तर्गत संचालित ठेक्का नं.04/SRM/NCB/CW/078-79 अन्तर्गत Construction of Kanya College Building at Ward 4.को लागि यस कार्यालय र निर्माण व्यवसायी श्री गंगोत्रीदेवी निर्माण सेवा, नेपालगंज बिच मिति २०७८।९।१८ मा संझौता भएको थियो उक्त ठेक्काको लागत अनुमान रु. १,०५,६८,७१०।६१ (अक्षरुपी एक करोड पाँच लाख अठसट्ठी हजार सात सय दश रुपैया एकसट्ठी पैसा) मु.अ.क. र कन्टेन्जन्सी रहेको तथा संझौता रकम रु.६६,३२,७८८.१६।– (अक्षरुपी छैसट्ठी लाख बत्तिस हजार सात सय अठासी रुपैया सोह्र पैसा मात्र) रहेकोमा मिति २०७८।१०।१७ मा Advance Payment रु. ५,८५,०००।– (अक्षरुपी पाँच लाख पचासी हजार मात्र) बाहेक अरु कुनै रकम भुक्तानी नभएको जानकारी गराउन चाहान्छु ।

शु.गा.पा. वडा नं. ४ मोतिभारीमा अवस्थित उक्त कलेज निर्माण हुनु सम्पूर्णको लागी गर्वको कुरा रहेको छ । तर उक्त कलेज समयमा निर्माण नहुनाले यस कलेजमा अध्ययनरत विद्यार्थीहरु अव्यवस्थित तरिकाले पुरानै भवनमा अध्ययन गर्न बाध्य छन् । यसरी समयमा निर्माण नहुनाले यसले विद्यार्थी, विद्यालय व्यवस्थापन समिति, तथा अन्य जनतामा पनि नैराशयता तथा यस कार्यालय प्रति शङ्काको वातावरण बनाएको छ । उक्त भवन निर्माणको क्रममा निर्माण पक्षले सुरावतदेखि नै गैरजिम्मेवारीपन दैखाउँदै आएको, कोभिड, मुल्यवृद्धि जस्ता विभिन्न बाहाना देखाउँदै काममा ढिलासुस्ती गर्दै आएको र पटक पटक यस कार्यालयको तर्फबाट विभिन्न समयमा पत्राचार र मौखिक तथा फोन मार्फत ताकेता गर्दा समेत वेवास्ता गरेकोले हालसम्म पनि निर्माण सम्पन्न हुन सकेको छैन जस कारण सयौं विद्यार्थी र राज्यलाई क्षति पुगेको छ । निजलाई यस कार्यालयबाट गरिएको पत्राचार, विभिन्न समयमा भएको कार्यहरु र निजले विभिन्न समयमा गरेका प्रतिबद्धता निम्न अनुसार छ ।

निम्न:

- मिति २०७८।०९।२२ मा सम्झौता भएको र कार्यादेश दिएको ।
- मिति २०७९।०२।१९ मा निर्माण कार्यमा ढिलासुस्ती भएको भनी जानकारी पेश गर्न भनी निर्माण व्यवसायीलाई पत्राचार गरिएको ।
- मिति २०७९।०२।२५ मा म्याद थप गरिपाउं भनि उक्त निर्माण व्यवसायीले कार्यालयमा निवेदन दर्ता गरेको ।
- मिति २०७९।०३।१३ मा गाउँपालिका अध्यक्षको अध्यक्ष्यतामा बसेको कार्यालयको बैठकले सार्वजनिक खरिद नियमावली २०६४ को बाह्रौं संशोधनको नियमावलीको नियम १२० क अनुसार खरिद सम्झौताको अवधी थप सम्बन्धी विशेष व्यवस्था भएकोमा र बजेटको स्रोत प्राप्त भएमा वा

CamScanner

नभएमा गा.पा. को प्राप्त स्रोतबाट समेत भुक्तानी दिने भनी २०८० जेठ मसान्त सम्म म्याद थप गर्ने निर्णय गरियो ।

- मिति २०८०।०१।१० मा उक्त निर्माण व्यवसायीले प्रथम रनिङ्ग बिलको लागि निवेदन दिएको उक्त निवेदन पश्चात प्राविधिक टोली नापजाँच गर्न जादाँ स्टरिङ्ग नहटाएकोले मुल्याङ्कन उठाउन कठिनाई भएकोले मौखिक र फोन मार्फत ताकेता गर्दा समेत बेवास्ता गरेकोमा मिति २०८०।०१।२५ मा उक्त निर्माण व्यवसायीलाई ३ दिन भित्रमा स्टरिङ्ग हटाउन र कार्यतालिका पेश गर्नुहुन भनि पत्राचार गरिएको ।
- उक्त पत्रको केहि जवाफ नआएकोले २०८०।०१।२८ मा स्पष्टिकरण पेश गर्न भनी पुन पत्राचार गरिएको ।
- मिति २०८०।०१।२९ मा उक्त निर्माण व्यवसायीले निर्माण कार्यमा सहजीकरण गराइदिने भनी पत्र सहित कार्यतालिका पेश गरेको ।
- यस पालिकाले जेठ मसान्तसम्म म्याद थप गरेको भएता पनि उक्त निर्माण व्यवसायीबाट असोज महिना सम्म काम गर्न पाउँ भनी निवेदन पेश गरेको ।

सार्वजनिक खरिद नियमावली नियम १२३ को उपनियम ३ बमोजिम रनिङ्ग बिल वा अन्य कुनै बिल बिजक र कागजात सम्वन्धित अधिकारीले तीस दिनभित्र स्वीकृत गर्नुपर्ने भएकोले मिति २०८०।०२।०८ मा प्राविधिक टोली निर्माण स्थल गई निरीक्षण गर्दा पूर्ण रुपमा स्टरिङ्ग नहटाएको देखिएकोले छत बाहेकको निर्माण कार्यको मुल्याङ्कन गरी भुक्तानीको लागी पेश गरिएको छ । साथै मुल्याङ्कन तयार गर्दा हालसम्म ५० प्रतिशत भन्दा पनि कम काम गरेको देखिएको छ । तसर्थ तोकिएको म्याद भित्र उक्त निर्माण व्यवसायीले कार्यसम्पन्न नगरे कानून बमोजिम कारबाहीको प्रक्रिया अगाडी बढाउने निर्णय गरियो।

<u>प्रस्ताव नं. १४.</u> बजेट निर्माण, योजना तर्जुमा तथा भुक्तानी प्रकृयामा संलग्न कर्मचारीहरुको अतिरिक्त सेवा सुविधा सम्वन्धमा ।

<u>निर्णय नं. १४.</u>

प्रस्ताव नं. १२ माथि छलफल गर्दा चालु आ.व.का योजना तथा कार्यक्रमको भुक्तानी प्रकृया, आगामी आ.व.को लागि नीति, कार्यक्रम तथा बजेट निर्माण कार्य तोकिएको कार्यालय समयमा उपलब्ध जनशक्तिबाट सम्पादन गर्न कठिन देखिएको हुँदा विगत केही समय अघि देखि नै तत् तत् कार्य सम्वन्धी शाखाका कर्मचारीहरु कार्यालय समय भन्दा अघि वा पछि पनि कार्यालयको काममा खटिई काम गरि रहेको हुँदा कर्मचारीहरुको मनोवल उच्च राख्न जेष्ठ र असार महिनामा हुने कार्यबोझलाई मध्येनजर गर्दै अतिरिक्त समय काम गरेको समयको आधारमा अधिकतम् सुरु तलब स्केलको ५० प्रतिशत (मासिक कम्तिमा ४० कार्य घण्टा अतिरिक्त समय काम गरे बापतको ५० प्रतिशत र कमको हकमा ४० कार्य घण्टालाई आधार मानी प्रति कार्य घण्टाको आधारमा हिसाब गरी) थप जिम्मेवारी तोकिएका कर्मचारीहरुलाई प्रोत्साहन स्वरुप उपलब्ध गराउने निर्णय गरियो।